मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २ गते शनिबार ❑ 16 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## सात खर्ब ५५ अर्ब पुग्यो बेरुजु, एक वर्षमै थपियो ८८ अर्ब नौ करोड

**रासस**
काठमाडौं, १ जेठ

मुलुकको कूल बेरुजु रकम रु सात खर्बमाथि पुगेको छ । महालेखापरीक्षक कार्यालयले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनमा बेरुजु रकम रु सात खर्ब ५५ अर्ब बराबर पुगेको उल्लेख छ ।

महालेखारपीक्षाकको कार्यालयले आव २०८१/८२ मा सङ्घीय, प्रदेश , स्थानीय तह, सङ्गठित संस्था र सङ्घीय कानुनद्वारा तोकिएका अन्य संस्था तथा समितिको रु ९४ खर्ब ८४ अर्ब ५० करोड बराबरको लेखापरीक्षण गरेको छ ।

महालेखापरीक्षक तोयम रायाका अनुसार, गत भदौ भदौ २३ र २४ को आन्दोलन र घटनाका कारण १७९ कार्यालय तथा निकायको लेखा र सोसम्बन्धी स्रेस्ता पेस नभएकाले रु एक खर्ब ४७ अर्ब ९० करोड बराबरको लेखापरीक्षक गरिएको छैन ।

लेखापरीक्षणबाट विभिन्न नीतिगत तथा प्रणालीगत सुधार गर्नुपर्ने सैद्धान्तिक बेहोराका रु ८८ अर्ब नौ करोड बराबरको बेरुजु फेला परेको छ । सङ्घीय सरकारी कार्यालयतर्फ रु ५३ अर्ब ४९ करोड, प्रदेशतर्फ रु पाँच अर्ब २३ करोड, स्थानीय तहतर्फ रु १९ अर्ब पाँच करोड, समिति र अन्य संसथातर्फ रु १० अर्ब ३२ करोड बराबरको बेरुज रहेको उहाँले जानकारी दिनुभयो । विगतको बेरुजुको सम्परीक्षण र यस वर्ष औंल्याइएको बेहोराको फर्स्यौटबाट रु १४ अर्ब ६३ करोड बराबर असुल भएको छ । यसवर्ष तीन हजार ५० सङ्घीय मन्त्रालय तथा निकायको रु २९ खर्ब १७ अर्ब ९५ करोड बराबरको लेखापरीक्षण गरेको छ । एक हजार १२४ प्रदेश मन्त्रालय तथा निकायको रु तीन खर्ब २० अर्ब ३० करोड ७२१ स्थानीय तहको रु ११ खर्ब नौ अर्ब ५२ करोड बराबरको लेखापरीक्षण गरिएको छ । यसैगरी ५७७ समिति र अन्य संस्थाको रु चार खर्ब ४७ अर्ब ७७ करोड र सङ्घीय कानुनद्वारा तोकिएका ४४ संस्थाको ५४ आर्थिक वर्षको रु ४६ खर्ब ८८ अर्ब ९६ करोड समेत रु ९४ खर्ब ८४ अर्ब ५० करोड बराबरको लेखापरीक्षण सम्पन्न गरिएको महालेखापरीक्षक रायाले उल्लेख गर्नुभयो ।

यसैगरी सबैभन्दा बढी बेरुजु भएको मन्त्रालयमा अर्थ रहेको छ । सो मन्त्रालयको मात्रै ७० दशमलव ३७ प्रतिशत बराबरको बेरुजु रहेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय दोस्रो स्थानमा छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तेस्रो स्थानमा छ । वन तथा वातावरण मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय क्रमशः चौथो र पाँचौं स्थानमा छ ।

## तथ्याङ्कमा आधारित पत्रकारिताले लोकतन्त्रलाई बलियो बनाउँछ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तथ्य र तथ्याङ्कमा आधारित पत्रकारिताले लोकतन्त्रलाई बलियो बनाउने बताउनुभएको छ ।

प्रेस रजिष्टारको कार्यालय गण्डकी प्रदेशको आयोजनामा सञ्चालित आठ हप्ता समयावधिको डेटा ड्रिभन जर्नालिज्म (तथ्याङ्क पत्रकारिता) तालिमको आज आयोजित समापन समारोहमा उहाँले तथ्यपरक पत्रकारिता यथार्थपरक हुने बताउनुभयो ।

"अबको युग भनाइको होइन, तथ्य र प्रमाणको हो । तथ्याङ्कले कहिल्यै झुट बोल्दैन", उहाँले भन्नुभयो, "जब एउटा पत्रकारले सरकारका रातो किताब, महालेखाका प्रतिवेदन र विकासका अङ्कहरूलाई केलाएर समाचार लेख्छ, तब मात्र समाजको वास्तविक चित्र छर्लङ्ग हुन्छ । यो तालिमले सञ्चारकर्मीलाई भनाइबाट तथ्यतिर डोऱ्याउने एउटा महत्त्वपूर्ण प्रस्थान विन्दुको काम गरेको छ ।" तालिमबाट दीक्षित भएका १८ जना पत्रकारहरू अब गण्डकी प्रदेशका लागि डेटा फोकल पर्सन भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "उनीहरूले अब न्युजरुममा गएर कसले के भन्यो भन्दा पनि अङ्कले के देखायो भन्ने तथ्यमा आधारित पत्रकारिता गर्नेछन् ।" प्रेस रजिष्ट्रारको कार्यालय केवल सञ्चार माध्यमलाई अनुगमन गर्ने वा नियमन गर्ने निकाय मात्र नभै समग्र सञ्चार क्षेत्र र सञ्चारकर्मीहरूको क्षमता विकास गर्ने एउटा अभिभावक संस्था भएको उहाँको भनाइ छ । गण्डकी प्रदेशका निमित्त प्रमुख सचिव कृष्णप्रसाद लम्सालले नतिजामुखी क्षमता अभिबृद्धिका तालिम प्राथमिकतामा राखिने बताउनुभयो । नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेलले सरकारले पत्रकारिता क्षेत्रको विकासका लागि बजेट विनियोजन गर्न सरकार समक्ष आग्रह गर्नुभयो । प्रमुख प्रशिक्षक उमेश श्रेष्ठ, प्रशिक्षार्थीहरू श्रीधर उपाध्याय, खिमा गुरुङ, प्रकाश ढकाल लगायतको सहभागिता थियो

## रात्रीकालिन व्यवसायको अनुगमन गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

होटल संघ पोखरा नेपाल लगायत पोखराका पर्यटन सम्बद्ध संघसंस्थाले रात्रीकालिन व्यवसायसँग सम्बन्धित ४२ बुँदे आचारसंहिता कार्यान्वयनका लागि अनुगमनलाई तीव्रता दिन जिल्ला प्रशासन कार्यालय कास्कीको ध्यानाकर्षण गराएका छन् ।

जिल्ला प्रशासन कार्यालय कास्कीको अगुवाईमा विगतमा बनाइएको ४२ बुँदे आचारसंहिता पालना गर्दै लेकसाइड, ड्यामसाइड लगायत पोखराको केही भागहरुलाई २४ सै घण्टा वा रातभरी व्यवसाय सञ्चालन गर्न दिने सहमति भएको थियो ।

उक्त सहमति अक्षरसः कार्यान्वयन नहुँदा हो-हल्ला, ध्वनी प्रदूषण र विकृति बढ्दा शान्ति सुरक्षामा नै असर परेकोले कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालाई शुक्रबार ध्यानाकर्षण पत्र बुझाइएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए । राति दुई बजे उता रात्रीकालिन व्यवसायलाई संचालनमा रोक लगाउन समेत अनुरोध गरिएको अध्यक्ष सुवेदीले जानकारी दिए ।

उल्लेखित विकृति विरुद्ध अनुगमनलाई तीव्र पार्न माग गर्दै पत्रमा पोखराका झण्डै दुई दर्जन पर्यटकीय संघसंस्थाका तर्फबाट हस्ताक्षर गरिएको छ । ध्यानाकर्षण पत्रमा भनिएको छ- 'सुन्दर पर्यटकीय नगरी पोखरालाई मिति २०८० चैत्र ०४ गते पर्यटकीय राजधानी घोषणा गर्ने निर्णयको अवसर पारेर २४ सै घण्टा खुला रहने छ भन्ने सन्देश दिने र पोखरालाई पर्यटकमय बनाउने उद्धेश्य अनुरुप पोखरा महानगरका प्रमुख एवम् जिल्ला प्रशासन कार्यालयको मातहतमा बैठक बसी लेकसाइड, ड्यामसाइड लगायत पोखराको केही भागहरुमा ४२ बुँदे आचारसंहिता पालना गरी २४ सै घण्टा वा रातभरी व्यवसाय सञ्चालन गर्न दिने सहमति रहेको थियो । उक्त आचारसंहिता पालना हुन नसक्ने व्यवसायको हकमा राती ११:०० बजे नै व्यवसाय बन्द गर्नुपर्ने र सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा अनुगमनलाई निरन्तर जारी राख्ने भनी निर्णय गरिएको भएपनि अनुगमन हुन नसकेको कारण सबै खालका पसलले मदिरा बेच्ने, सडकमा अनावश्यक हो-हल्ला गर्ने, रातभरी ठुलो आवाजमा मोटरसाइकल दौडाउने पड्काउने, समाजको शान्ती सुरक्षामा खलबल पुऱ्याउने, पर्यटक तथा स्थानीय वासीहरुलाई त्रसित तथा अतंकित पार्ने र भय सृजना गर्ने अवस्था रहेको हुँदा यस क्षेत्रको वातावरण र शान्ती शुरक्षामा नै संकट पर्न गएको, लागू औषध प्रयोग गर्नेको संख्या दिन प्रतिदिन बढदै गएको, दिनहुँजसो झै झगडा हुनेगरेको, पर्याप्त मात्रामा सीसी टीभी क्यामेरा जडान नभएको र भएको क्यामेराको उचित मर्मत सम्भार नभएको तथा पर्याप्त मात्रामा सुरक्षा साधानको अभावमा समयमै दोषी पक्रन समस्या भएको हुँदा पर्यटकीय राजधानी पोखराप्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा नकारात्मक सन्देश प्रवाह हुने हुँदा पर्यटकीय क्षेत्रमा यस्ता नकारात्मक गतिविधिहरु निर्मुल गर्न राती २ (दुई) बजे पछि सम्पूर्ण रात्रीकालिन व्यवसाय पूर्ण रुपमा संचालन गर्न नदिनु हुन पोखरामा रहेका हामी सम्पूर्ण पर्यटन तथा उद्योगी व्यवसायीहरु, नागरिक समाज तथा सरोकारवालाहरु विनम्र अनुरोध गर्दछौं ।'

पत्रमा थप भनिएको छ- रातको समयमा मोटसाइकलमा सवार गर्ने व्यक्तिहरुले बन्दुकको आवाज जस्तै गरी ध्वनी निकाल्दै ध्वनीप्रदुषण गर्ने, शान्त रुपले आराम गर्दै र बास बसिरहेका पर्यटक र समाजलाई समेत असान्त बनाउने, पोखरा आगमन हुने पर्यटकहरुलाई विभिन्न चोकहरु (छोरेपाटन, विरौटा चोक, सिर्जना चोक, जिरो कि.मि., जरेवर, हल्लनचोक, राष्ट्र बैंक चोक र मुख्य सडकहरु) मा होटलका कर्मचारी तथा संचालकहरुले बाइक तथा स्कुटर जस्ता सवारी साधनहरुबाट दुर्घटना हुने गरी पिछा गर्ने र यस क्षेत्रको शान्ति सुरक्षामा नै खलल हुने गरी पर्यटकहरुलाई विभिन्न प्रलोभन देखाउने, वलजफ्ती गरी त्रसित गराउने गरेको हुँदा पोखरा आगमन हुने पर्यटकहरुलाई सुरक्षित र स्वइच्छाले पुर्व निर्धारित तय भएको होटल प्रतिष्ठानहरुमा जाने वातावरण नभएको हुँदा उक्त कार्यलाई निरुत्साहीत गरी त्यस कार्यमा संलग्न होटल संचालक तथा कर्मचारीहरुलाई समेत कारवाही गरी पाउँ भनी हार्दिक अनुरोध गर्दछौं ।

पत्रमा होटल संघ पोखरा नेपाल लगायत पोखरा- ६ का वडा अध्यक्ष विष्णुबहादुर भट्टराई, पोखरा पर्यटन परिषद् अन्तर्गतका सदस्य संस्था, होटल संघ नेपाल गण्डकी र अन्य पर्यटकीय संघसंस्थाका तर्फबाट हस्ताक्षर गरिएको छ ।

## पोखरा विश्वविद्यालयको उपकुलपतिको जिम्मेवारी प्रा डा तिवारीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

पोखरा विश्वविद्यालयको रिक्त उपकुलपतिको पदमा विश्वविद्यालयको दैनिक कार्य सञ्चालन गर्न पोखरा विश्वविद्यालय स्कुल अफ हेल्थ एन्ड एलाइड साइन्सेजका प्रा डा विष्णुराज तिवारीलाई उपकुलपतिकोजिम्मेवारीतोकिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वैशाख ३० गते गरिएको निर्णय (प्रधानमन्त्री एवं कुलपतिस्तर) बमोजिम प्रा डा तिवारीलाई उक्त जिम्मेवारी तोकिएको विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार प्रा डा तिवारीले बिहीबार एक समारोहबीच पदभार ग्रहण गर्नुभएको छ ।

हार्दिक बधाई !
२०८२ सालमा सञ्चालित माध्यमिक शिक्षा परीक्षामा यस विद्यालयबाट समावेश भएका विद्यार्थीहरु ४ जि.पि.ए. सहित उत्कृष्ट नतिजा हासिल गर्न सफल भएकोमा हार्दिक बधाई तथा उज्वल भविष्यको शुभकामना व्यक्त गर्दछौं ।




"We believe in quality through simplicity"
Bhasker Memorial School
Pokhara-11, Phoolbari | Tel: 061-575504, 587133 | Email: bhaskerschool@gmail.com

# नयाँ भवनमा इतिहास झल्काउँदै रुपा

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ

कास्की जिल्लाको पाँचवटा पालिकामध्ये क्षेत्रफलको हिसाबमा सबैभन्दा सानो गाउँपालिका रुपा हो । प्राकृतिक सौन्दर्यता र मौलिक पहिचानले समृद्ध रुपाले अहिले विकाससँगै इतिहास संरक्षणको नयाँ अभ्यास थालेको छ ।

विगतमा स्थानीय तह पुनःसंरचनपछि साविक गाविसहरूको पहिचान हराउँदै गएको गुनासो बढिरहेको वर्तमान अवस्थामा गाउँपालिकाले पुराना नाम र इतिहासलाई जीवन्त राख्ने लक्ष्यका साथ नयाँ प्रशासनिक भवनका संरचनालाई साविक गाविसका नामबाट नामकरण गरेको हो ।

गाउँपालिकाको वडा नं ६ फालभञ्ज्याङमा निर्माण गरिएको आधुनिक एवं सुविधासम्पन्न प्रशासनिक भवनको पहिलो तलालाई सिद्ध, दोस्रो रुपा, तेस्रो देउराली, बैठक हललाई हंसपुर तथा सभाहललाई थुम्की नामकरण गरिएको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले जानकारी दिनुभयो ।

भवन उद्घाटन समारोहमा उहाँले यसबाट साविक गाविसहरूको प्रशासनिक तथा सामाजिक इतिहासलाई नयाँ पुस्तासम्म पुर्याउने प्रयास गरिएको बताउनुभयो । उहाँका अनुसार नेपाल सरकारबाट हस्तान्तरण भएर आएको ९१ रोपनी ११ आना एक पैसा जग्गामा सात करोड ७८ लाख ५४ हजार रुपैयाँको लागतमा निर्माण गरिएको उक्त भवन हाल



गाउँपालिकाको प्रशासनिक केन्द्र बनेको छ ।

अध्यक्ष ओझाले भन्नुभयो, "विकाससँगै स्थानीय इतिहास र पहिचानलाई पनि संरक्षण गर्नुपर्ने आवश्यकता महसुस गरेर यस्तो अभ्यास थालिको हो । लिफ्टसहित अपाङ्गतामैत्री शौचालयको व्यवस्था गरिएको भवन आधुनिक प्रविधियुक्त छ ।"

रमणीय भालभज्या डाँडामा अवस्थित भवनबाट गाउँपालिकाका सबै वडासहित पोखरा, मध्यविन्दु, शुक्लागण्डकी नागरपालिका र मादी नदी तथा हरिया फाँटहरूको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । सो स्थानमा स्वाथ्यचौकी, प्रहरी बिट, कृषि तथा पशु विकाससम्बन्धी कार्यालयसमेत स्थापना गरी सञ्चालन गरिने सोच रहेको अध्यक्ष ओझाले बताउनुभयो ।

यो भवन सम्झौता भएको एक वर्षको अवधिमा निर्माण सम्पन्न भएको थियो । विसं २०८२ वैशाख ३१ गते रमिता इन्फ्रास्ट्रक्चर र मन कन्स्ट्रकसन प्रालिको जेभीसँग एक वर्षमा निर्माणकार्य सम्पन्न गर्नेगरी सम्झौता भएको थियो । जेठमा निर्माण कम्पनी र पालिकाबीच भएको सम्झौताअनुसार सम्पूर्ण प्रक्रिया मिलाएर सुरु भई तोकिएकै समयमा सम्पन्न गरी निर्माण कम्पनीले गाविसलाई हस्तान्तरण गरेपछि उद्घाटन गर्न सफल भएको पालिकाका प्राविधिक अभिनव गौतमले बताउनुभयो । नौ वर्षअघि कालोपत्रले नछोएको पालिका रूपमा परिचित रुपामा अहिलेसम्म २०५ किलोमिटर सडक कालोपत्र गरिएको बताउँदै उहाँले भन्नुभयो, "यस वर्ष २४ किलोमिटर सडक निर्माणका क्रममा रहेको छ भने सबै वडा कार्यालयबाट प्रशासनिक भवन सडक सञ्जालबाट जोडिएको छ ।" पालिकाका सातै वडा कार्यालयका पक्की भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् । कृषि, सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, पर्यटन प्रवर्द्धनका आधार तयार भएपछि मात्र प्रशासनिक भवन निर्माण गरिएको बताउँदै प्राविधिक गौतमले भन्नुभयो, "प्रशासनिक भवन निर्माणले रुपाको रुप नै फेरिएको झल्को दिएको छ ।"

एक समारोहका बीच भवनको उद्घाटन गर्दै गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले विगतलाई स्मरण गर्ने लक्ष्यका साथ निर्माण सम्पन्न भएको प्रशासनिक भवनबाट जनताले सेवा प्रवाह गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कुनै समय खानेपानीको अभावमा बसाइँसराइ गर्ने प्रवृत्ति तीव्र रहे पनि पछिल्लो समय जनप्रतिनिधिको पहलमा सबै वडामा सडक, खानेपानीको सुविधा पुगेसँगै गाउँ फर्क अभियान सुरु हुनुपर्ने उहाँको जोड थियो । सङ्घीयतासँगै सिहदरबारको अधिकार जनताको घरदैलोमा आएको बताउँदै भवन निर्माणबाट छिटोछरितो एवं प्राविधिमैत्री सेवा प्रदान गर्न सहयोग पुग्ने धारण बनेको उहाँको भनाइ छ । सो अवसरमा नवनिर्मित प्रशासकीय भवनको हातामा रुद्राक्षको बिरुवा रोपिएको थियो । पोखरा महानगरपालिका प्रमुख धनराज आचार्य, कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा, जिल्ला समन्वय समिति कास्कीका पूर्वप्रमुख वैनबहादुर क्षेत्री अधिकारीलगायतले समृद्ध रुपाको अधियानसँगै विपद् व्यवस्थापनमा पनि जोड दिनुपर्ने बताउनुभयो ।

पायक पर्ने स्थानमा प्रशासनिक भवन निर्माणसँगै सञ्चालनमा आएपछि स्थानीय बासिन्दा बाजागाजासहित आफ्नो समुदायको सांस्कृतिक, वेशभुसामा सहभागी बनेका थिए । आधुनिक संरचनामार्फत पुरानो इतिहास जोगाउने गाउँपालिकाको प्रयासलाई स्थानीय बासिन्दाले सकारात्मक रूपमा लिएका छन् ।

# महान्यायाधिवक्ता कँडेल गृहजिल्लामा सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ

महान्यायाधिवक्ता डा नारायणदत्त कँडेललाई नेपाल पत्रकार महासङ्घ, बागलुङले बिहीबार स्वागत तथा सम्मान गरेको छ ।

पत्रकार महासङ्घ, बागलुङका पूर्वअध्यक्षसमेत रहनुभएका कँडेललाई महासङ्घ जिल्ला अध्यक्ष राम थापाले सम्मानपत्र र पूर्वअध्यक्ष रामबहादुर जिसीले पूर्वअध्यक्ष सम्मान पदक प्रदान गर्नुभएको हो ।

पत्रकार महासङ्घको संस्थागत विकाससँगै बागलुङको पत्रकारिताको श्रीवृद्धिमा पुर्याएको योगदानबापत महासङ्घ बागलुङको रजत वर्षको सन्दर्भ पारेर उहाँलाई सम्मानित गरिएको महासङ्घका उपाध्यक्ष सुवास आचार्यले बताउनुभयो । कँडेलले २०५८ देखि २०६० सालसम्म अध्यक्षका रूपमा पत्रकार महासङ्घ, बागलुङको नेतृत्व सम्हाल्नुभएको थियो ।

स ा

अवसरमा महान्यायाधिवक्ता कँडेलले बागलुङमा पत्रकार महासङ्घ स्थापना गर्नका लागि आफूले खेलेको भूमिकाको स्मरण गर्नुभयो । उहाँले महासङ्घ कार्यालयमा उपस्थित भएर स्वागत तथा सम्मान ग्रहण गर्न पाउँदा गौरवको महसुस भएको बताउनुभयो । बागलुङको काठेखोला गाउँपालिका-५ का कँडेल पछिल्लो समय वकालत पेसामा सक्रिय रहँदै आउनुभएको थियो । गत महिना सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा उहाँ महान्यायाधिवक्तामा नियुक्त हुनुभएको थियो । पचासको दशकको सुरुदेखि नै पत्रकारितामा लागे पनि कँडेलको पहिलो बाइलाइन समाचार भने २०५३ सालमा नेपालवाणी साप्ताहिकमा छापिएको थियो । उक्त समाचार बागलुङको विद्यामन्दिर पुस्तकालयको स्वर्ण जयन्तीको थियो । कँडेलसँग रेडियो नेपाल, राष्ट्रपुकार, राजधानी दैनिकलगायतमा काम गरेको अनुभव छ । उहाँले बेलायतको क्विन्स विश्वविद्यालयबाट 'अभिव्यक्ति स्वतन्त्रता'मा विद्यावारिधि गर्नुभएको छ । उहाँले नेसनल युनिभर्सिटी अफ आयरल्यान्डबाट पिस किपिङ अपरेसनमा स्नातकोत्तर गर्नुभएको छ । संवैधानिक कानुन, मानवअधिकार, राजनीति र समाजशास्त्रका ज्ञाता मानिनुहुने कँडेलले २०६० सालदेखि वकालत पेसामा सक्रिय रहँदै आउनुभएको छ । विगतमा फ्रिडम फोरम, मानवअधिकार तथा शान्ति समाज, एम्नेष्टी इन्टर नेसनललगायत संस्थामा काम गरेको अनुभव उहाँसँग छ ।

# खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयको प्रगति विवरण सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ



खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, पोखराले चालु आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमाससम्म विभिन्न ७ मुद्दा दायर गरेको छ ।

अनुगमन एवं निरीक्षणका क्रममा विभिन्न खाद्य उद्योगहरुले न्यूनस्तर खाद्य पदार्थ उत्पादन तथा बिक्री वितरण गर्ने गरेको, अनुमतिपत्र नलिई उद्योग संचालन गरेको, लेबल अपूर्ण र अनुमतिपत्र नलिई खाद्य व्यवसाय संचालन गरेको पाइएपछि मुद्दा चलाएको हो । कार्यालयलाई खाद्य तथा दाना ऐनअनुरुप सम्बन्धित जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतमा मुद्दा चलाउने कानुनी हक छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, पोखराको आयोजनामा चालु आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक प्रगति विवरणबारे समीक्षा गोष्ठीका क्रममा वरिष्ठ खाद्य अनुसन्धान अधिकृत विजन श्रेष्ठले चालु आवको अवधिमा ७ मुद्दा दायर गरिएको जानकारी दिएका हुन् । संघ सरकारअन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयसहित गण्डकी प्रदेशका २ डिभिजन कार्यालय (दमौली र बागलुङ) ले समय-समयमा खाद्य बस्तुको अनुमगन तथा निरीक्षण गर्दै आएको छ । श्रेष्ठका अनुसार, खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम नमुना संकलन गरी प्रयोगशालामा पठाउने गरिन्छ । नेपाल सरकारले तोकेको अनिवार्य मापदण्डमा यदि परेन भने थप अनुसन्धान गरी मुद्दाको प्रक्रियामा अघि बढाइने गरिँदैआएको छ । उनले प्रगति प्रतिवेदन सार्वजनिक गर्दै मानिसको स्वास्थ्यलाई ध्यानमा राखी कार्यालयहरुले गण्डकी प्रदेशका विभिन्न बजार, उद्योग, होटल, रेष्टुरेन्टलगायतको नियमित अनुगमन तथा निरीक्षण गर्दैआएको पनि जनाए । प्रमुख अतिथि उपभोक्ता मञ्च गण्डकीका अध्यक्ष कपिलनाथ कोइरालाले सरकारले उपभोक्ताका लागि भनी खाद्य, कृषि, मासु, स्वास्थ्य, यातायात, शिक्षासमेत १० क्लष्टर रहेकामा तीमध्ये उपभोक्ताको स्वास्थ्यसँग सिधैँ सरोकार राख्ने खाद्य महत्वपूर्ण भएको बताए । उनले भने, 'स्वास्थ्य बिरामीलाई मात्र भयो, शिक्षा पढ्नेलाई मात्र भयो, तर महिला, बालबालिका, केटाकेटी, बुढाबुढी सबैको निम्ति चाहिने भएकाले खाद्य स्वच्छ हुनु जरुरी छ ।' जसबाट स्वच्छ समाज सिर्जनासहित समग्र देश विकासमा योगदान दिन सकोस्, उनले भने ।

'बदमासी गर्नेले लुकाउन चाहन्छ, बदमासी नगर्नेले देखाउन चाहन्छ । तर खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले मिडियासामु यसरी आफ्नो प्रगति प्रतिवेदन सार्वजनिक गर्नु पारदर्शीको नमुना हो,' प्रमुख अतिथि कोइरालाल भने, 'यसको अनुशरण अरु कार्यालयले पनि गर्नु जरुरी छ ।' खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका योजना तथा अनुगमन महाशाखा प्रमुख प्रतिमा श्रेष्ठले विभागले विभिन्न सचेतनाका कार्यक्रम ल्याउन लागेको जानकारी दिइन् । विभागलाई मात्र ७३ करोड बजेट बिनियोजन भएको उल्लेख गर्दै स्थानीय पालिकाले पनि खाद्य निरीक्षण पनि राख्न सकेमा अझ प्रभावकारी कार्यक्रम गर्न सकिने बताइन् ।

सो अवसरमा दमौलीस्थित डिभिजन कार्यालयबाट खाद्य अनुसन्धान अधिकृत ज्योति आचार्य, बागलुङस्थित डिभिजन कार्यालयबाट खाद्य अधिकृत सुमन लामिछानेसमेतको उपस्थिति थियो ।

# लेखनाथमा यातायात व्यवस्था कार्यालय सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ

पोखरा-३० पावरहाउस (लेखनाथ) मा यातायात व्यवस्था कार्यालय सञ्चालनमा आएको छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले शुक्रबार एक समारोहका बिच यातायात व्यबस्था कार्यालय लेखनाथ कास्कीको उद्घाटन गर्दै लामो समयदेखि भोग्दै आएको असुविधा अब अन्त्य गर्न कार्यालय स्थापना गरिएको बताउनु भयो ।

उक्त निर्णय कुनै व्यक्तिगत स्वार्थका आधारमा नभएको स्पष्ट पार्दै उहाँले उक्त कार्यालय अन्यत्र नसारिने दाबी गर्नुभयो । सडक विभागको नाममा रहेको जग्गामा कार्यालय स्थापना गरिएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले कार्यालयको स्थायित्वबारे कुनै शंका नगर्न आग्रह गर्नुभयो । उहाँले जनताले लामो समयदेखि भोग्दै आएको असुविधा अन्त्य गर्न कार्यालय स्थापना गरिएको बताउँदै निर्णय कुनै व्यक्तिगत स्वार्थका आधारमा नभएको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो "खगराजजीले निर्णय गर्दा आफ्नो घर बनाउने भनेर निर्णय गरेको होइन, राज्यले निर्णय गर्दाखेरि आफ्नो घर बनाउने भनेर निर्णय गरेको पनि होइन, मैले अब आफ्नो घर बनाउन भनेर यो काम सुरु गरेको पनि होइन ।" मुख्यमन्त्री पाण्डेले नागरिकलाई सहज सेवा उपलब्ध गराउनु राज्यको दायित्व भएको उल्लेख गर्दै यातायात कार्यालयसँगै ट्राफिक कार्यालयको व्यवस्थापन पनि सरकारले गर्ने बताउनु भयो । आवश्यकता अनुसार हालको ट्राफिक कार्यालयलाई यही परिसरभित्र वा आसपास उपयुक्त स्थानमा व्यवस्थापन गरिने उहाँले जनाउनु भयो ।

स्थानीय जनप्रतिनिधि, महिला समूह तथा नागरिकको निरन्तर पहल र दबाबका कारण कार्यालय स्थापना सम्भव भएको मुख्यमन्त्री पाण्डेको भनाई थियो । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन स्थानीय समुदायको सहयोग आवश्यक रहने उहाँको भनाई थियो ।

गण्डकी प्रदेश सरकारले यातायात सेवालाई सहज, व्यवस्थित र नागरिकमैत्री बनाउन लेखनाथमा नयाँ यातायात व्यवस्था कार्यालय सञ्चालनमा ल्याएको जनाएको छ । कार्यालय सञ्चालनसँगै सेवाग्राहीले छिटो, सहज र प्रभावकारी सेवा पाउने तथा व्यवस्थापनमा पनि सहजता आउने विश्वास व्यक्त गरिएको छ । कार्यक्रममा पूर्व मुख्यमन्त्री खगराज अधिकारी, गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री गोविन्द नेपाली तथा पोखराका मेयर धनराज आचार्य लगायतले कार्यालय स्थापना भएपछि लेखनाथ क्षेत्रका स्थानीयवासीलाई ठूलो राहत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

# मर्दी पदयात्राका क्रममा एक पर्यटक बेपत्ता

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ

कास्की जिल्लामा अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने मर्दी हिमाल पदयात्राका क्रममा एक जना स्वदेशी पर्यटक बेपत्ता भएका छन् ।

काठमाडौंको सङ्घाराम बुद्धविहारका भिक्षु धामिसरो मर्दी पदयात्राका क्रममा यही वैशाख ३० गते दिउँसो २:०० बजेदेखि सम्पर्कविहीन भएको माछापुच्छ्रे-९ का वडाध्यक्ष हरिबहादुर क्षेत्री (राजेन्द्र)ले जानकारी दिनुभयो ।

समुद्री सतहबाट चार हजार २०० मिटर उचाइमा अवस्थित मर्दीको भ्यूप्वाइन्टस्थित 'टीसप'मा आफ्नो झोला राखेर 'केहीबेर वरिपरिको दृश्यावलोकनका लागि जान्छु भन्दै' निस्किनुभएका धामिसरो साँझसम्म नफर्किएपछि मर्दी हिमाल ट्रेक व्यवस्थापन समितिका अध्यक्ष राजकुमार तामाङको नेतृत्वमा स्थानीय पर्यटन व्यवसायीले बिहीबार विहानदेखि नै खोजी सुरु गरेका थिए । तर शुक्रबार साँझसम्म सम्पर्कविहीन पर्यटकको बारेमा कुनै जानकारी नपाइएको वडाध्यक्ष क्षेत्रीले बताउनुभयो ।

"पहिरनका आधारमा पोखरास्थितबुद्धविहारमाजानकारी गराएपछि हराएका व्यक्तिको परिचय खुलेको हो । स्थानीयले बिहीबार दिनभर खोजी गर्दासमेत फेला नपरेपछि प्रहरीमा जानकारी गराएका थियौँ । अहिले प्रहरी हराएको ठाउँमा जाँदैछ", वडाध्यक्ष क्षेत्रीले भन्नुभयो ।

मर्दीको आधार शिविर र भ्यूप्वाइन्ट क्षेत्रमा केही दिनदेखि पानी परेको र बाक्लो हिमपातका कारणले समेत खोजीमा कठिनाइ भएको बताइन्छ । पर्यटक हराएको सूचनापछि प्रहरी खोजीका लागि गएको छ । खोजीमा गएको प्रहरी टोली शुक्रबार साँझ लोक्याम्प पुगेको मर्दी ट्रेक व्यवस्थापन समितिका अध्यक्ष तामाङले बताउनुभयो ।

मर्दी पदयात्राका क्रममा यसअघि पनि पर्यटक हराउने गरेका थिए । एकल पदयात्रामा जानेहरू बढी हराउने गरेको पर्यटन व्यवसायी बताउँछन् । मर्दीको हाइक्याम्प, भ्यूप्वाइन्ट र आधा शिविरबाट बढी पर्यटक हराउने गरेका छन् ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनाबारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. विनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सुनसान मुदी, यसरी खोस्यो सडक सञ्जाल र हेलिकप्टरले स्थानीयवासीको जीविका

**सन्तोष गौतम**
म्याग्दी, १ जेठ

धौलागिरि हिमाललाई फनक्क फेरो लगाउने चक्रीय पदमार्गमा पर्ने यहाँको धवलागिरी गाउँपालिका-४ मुदीमा दशक अघिसम्म पर्यटकलाई बासपाउन हम्मेहम्मे पर्दथ्यो ।

शरद र वसन्त याममा विश्वको सातौँ अग्लो(आठ हजार एक सय ७६ मिटर) धौलागिरि हिमाल आरोहण गर्ने र धौलागिरिको फेदी हुँदै मुस्ताङको मार्फा निस्कने चक्रीय धौलागिरि पदमार्गमा आउने पर्यटकले भरिभराउ हुने मुदी अहिले सुनसान छ ।

पर्यटक, पथप्रर्दशक र मजदुरहरुको लहर देखेर मुदीमा धौलागिरि सामुदायिक घरवास स्थापना गरेका व्यवसायी गणेश घर्ती अहिले व्यवसाय बन्द गरेर बाख्रापालन शुरु गर्नुपरेको बताउनुहुन्छ । "यहाँका दुई क्याम्पमा क्षमता भन्दा बढी पर्यटक आएको देखेर उनीहरुको सुविधाका लागि 'होमस्टे' सञ्चालनमा थिए," उहाँले भन्नुभयो "पछिल्लो समय पर्यटकहरु सिधै हेलिकप्टर चढेर आधार शिविर पुग्न थालेपछि 'होमस्टे' बन्द गरेर बाख्रा पाल्न थालेको छु ।" मुदीमा रहेका करिब ५० जना क्षमताका पाँच घरवास सञ्चालकको मात्र नभएर याममा पर्यटकको भारी बोकेर जिविकोपार्जन गरिरहेकाहरुको रोजगारी खोसिएको उहाँले गुनासो गर्नुभयो ।

पर्यटक र पर्वतारोहीहरु हेलिकप्टर चढेर सिधै आधार शिविर पुग्नुका साथै जलविद्युत आयोजनाहरुले निर्माण गरेको पहुँचमार्गले पदमार्ग मासिएको र नौ दिनको यात्रा दुई दिनमा छोटिदा मुदी, नाउरा, बगरका सन्नटा छाएको धवलागिरि-४ का वडाध्यक्ष यामप्रसाद घर्तीले




बताउनुभयो । "पर्वतारोहीहरु हेलिकप्टरबाट आधार शिविर पुग्छन्, हेलिकप्टरबाटै सामान ओसार्छन, बेनीदेखि नौ दिन लाग्ने धौलागिरि आधार शिविर पुग्न दोभानसम्म सडक पुगेपछि दुई दिनमा छोटिदा पदमार्गका बस्तिहरु छलिएका हुन्," उहाँले भन्नुभयो "धौलागिरि फेदीका बस्तिका बासिन्दाहरु प्राकृतिक स्रोतको लाभबाट बञ्चित भएका छन् ।"

मुदी-गुर्जा पदमार्गको सम्भाव्यता अध्ययन गर्न र धौलागिरि संरक्षण क्षेत्र बनाउन घर्तीद्धयले माग गर्नुभयो । 'फोरटिन पिक्स एक्सपिडिसन'का स्थानीय प्रतिनिधी इन्द्रसिंह शेरचनका अनुसार भरियालाई सामान बोकाउनुको विकल्पमा हेलिकप्टरबाट ढुवानी गर्दा सस्तो पर्ने भएकाले पर्यटक र पर्वतारोहीहरुले पदयात्रा प्रयोग गर्न छाडेका हुन् ।

धौलागिरि फेदीमा आरोहण दिवस

सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक यस हिमालको सफल आरोहण गरेका थिए । उनीसहित डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धौलागिरिको चुचुरोमा पुगेका थिए । पर्यटन विभागका अनुसार ६६ वर्षमा सात सय ३३ जनाले धौलागिरि आरोहण गरेका छन् । धौलागिरि फेदीमा रहेको मुदीमा बुधबार ६६ औ आरोहण दिवसको अवसरमा छोटिएको पदमार्ग, जलवायु परिवर्तनले पर्यटन क्षेत्रमा पारेको असर र विकल्पको खोजीमा सरोकारवालाहरुबीच बहस र छलफल भयो ।

गण्डकी प्रदेशको पर्यटन तथा उद्योग मन्त्रालय, नेपाल पर्यटन वोर्ड गण्डकी प्रदेशको सहयोग र धवलागिरी गाउँपालिकाको समन्वयमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल(टान) गण्डकीको आयोजनामा पहिलो पटक हिमाल अवस्थित वडाको भूगोलमा दिवस मनाइएको हो । कार्यक्रममा वक्ताले पदयात्रा मार्गमा सडक पुग्दा विदेशी पर्यटक र पदयात्राको समय घटेको तथा धवलागिरि सर्किटमा पूर्वाधार अभाव भएको प्रति चिन्ता व्यक्त गरेका थिए ।

समारोहमा गण्डकी प्रदेशकी उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमालले धवलागिरि लगायत गण्डकी प्रदेशका हिमालको अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार गर्न सके स्थानीयको जीवनस्तरमा परिवर्तन ल्याउने गरी पर्यटकको आगमन हुने बताउनुभयो । "जलवायु परिवर्तनको असर हाम्रो हिमालमा परेको छ," उहाँले भन्नुभयो "हिमालको अस्तित्व जोगिए मात्रै मानव सभ्यताको अस्तित्व जोगिन्छ ।"

प्रदेशसभा सदस्य रेशम जुग्जालीले जनताले आफ्नो गाउँमा मोटरबाटो पुगेको एउटै सपना देख्ने भएकाले वैकल्पिक पदमार्गको विकास र आन्तरिक पर्यटक केन्द्रीत कार्यक्रम आवश्यकता रहेको बताउनुभयो । "अन्नपूर्ण क्षेत्रबाट धवलागिरिका बासिन्दाहरुले पर्यटन विकास र कसरी फाइदा लिने भनेर सिक्नुपर्छ," उहाँले भन्नुभयो "धौलागिरि संरक्षण क्षेत्रको बहस चलेपनि प्राकृतिक स्रोतसाधनको उपयोगमा वञ्चित गराइने हो कि भनेर स्थानीय सशंकित छन् ।"

दोभान देखि सल्लाधारी हुँदै इटाली आधार शिविरसम्म सडक विस्तारको सम्भावना नभएको र त्यहाँ पर्यटकहरुलाई आवासको समस्या रहेकाले त्यो क्षेत्रमा ब्यवसाय विस्तार गर्न सांसद जुग्जालीले मुदीबासीलाई सुझाग दिनुभयो ।

धवलागिरि गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुनले धवलागिरि सर्किटसँगै गुर्जाबाट डोल्पा निस्कने रूट, ढोरपाटन शिकार आरक्ष जोड्ने रूटको पनि विकास प्रवर्द्धन गर्नुपर्ने बताउनुभयो ।

पर्यटन बोर्ड पोखरा कार्यालय प्रमुख मणिराज लामिछानेले धवलागिरिको महत्वलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्थापित गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो । पोखरा पर्यटन परिषद्का उपाध्यक्ष हरि भुजेलले हिमाल आरोहणमा स्थानीयले पहल लिनुपर्ने सुझाउनुभयो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) प्रमुख रविन कडरियाले एक्यापकै मोडेलमा धवलागिरि संरक्षण क्षेत्र विकास गर्न सके यहाँको सम्भावना प्रचुर रहेको बताउनुभयो । टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यले धवलागिरिलाई एक्यापको मोडेलमा लैजान उपयुक्त हुने बिचार व्यक्त गर्नुभयो।

# कास्की प्रहरीद्वारा एकैदिनमा २७ फरार प्रतिवादी पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

जिल्ला प्रहरी कार्यालय कास्कीले शुक्रबार जिल्लाका विभिन्न स्थानबाट २७ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

विभिन्न मुद्दामा अदालतको फैसलाबाट दोषी ठहर भई सजाय भुक्तान नगरी फरार रहेका प्रतिवादीलाई कानुनी कारबाहीको दायरामा ल्याउन प्रहरीले नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा २० जना पुरूष र सात महिला रहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो । उहाँका अनुसार चेक अनादर कसुरमा १२, सार्वजनिक अनादर कसुरमा पाँच, अंश मानाचामाल कसुरमा चार, बिगो लेनदनसम्बन्धी कसुरमा दुई, बैंकिङ कसुरमा दुई, सवारी ज्यान कसुर र अभद्र व्यवहारसम्बन्धी कसुरमा एक-एक जना पक्राउ परेका हुन् । पक्राउ परेकाबाट चार वर्ष १५ दिन कैद सजाय र रु ४८ लाख एक हजार १८० जरिवाना असुल हुनेगरी कास्की जिल्ला अदालतमा बुझाइएको प्रनाउ बस्नेतले जानकारी दिनुभयो । पछिल्लो समय कास्की प्रहरीले फरार प्रतिवादीलाई धमाधम पक्राउ गर्दै आएको छ ।

# नारच्याङ झरना जोड्ने 'रेलिङ'सहितको पदमार्ग

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ जेठ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको नारच्याङ झरना जोड्ने 'रेलिङ'सहितको पदमार्ग निर्माण भएको छ ।

नारच्याङ गाउँको पृष्ठभूमिमा रहेको अग्लो पहाडबाट खस्ने झरना म्याग्दीको नयाँ पर्यटकीय गन्तव्य हो । पदमार्ग बनेपछि झरना अवलोकन गर्न आउने पर्यटकलाई आवतजावत गर्न सहज भएको छ ।

गण्डकी प्रदेश सरकार र अन्नपूर्ण गाउँपालिकाको रु २७ लाख बजेटमा उपभोक्ता समितिमार्फत भिरालो पाखाको उकालोमा पाँच सय मिटरभन्दा बढी रेलिङसहितको पदमार्ग निर्माण भएको नारच्याङका वडाध्यक्ष लोकबहादुर फगामीले बताउनुभयो । "आर्थिक वर्ष २०७९/८० देखि सुरु भएको पदमार्ग निर्माणले यसपालि पूर्णता पाएको हो", उहाँले भन्नुभयो, "सुरुको वर्ष रु १० लाख बजेट विनियोजन गरेको प्रदेश सरकारले यस वर्ष रु पाँच लाख छुट्याएको थियो । गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा रु सात लाख र २०८१/८२ मा रु पाँच लाख विनियोजन गरेको थियो ।"

उपभोक्ताले विनियोजित बजेटको १० प्रतिशतबराबरको श्रमदान गरेर पदमार्ग बनाएका वडाध्यक्ष फगामीले बताउनुभयो। एकदशमलवपाँचमिटरफराकिलो पदमार्गको डिलतर्फ रेलिङ राखिएको छ भने अधिकांश ठाउँमा ढलान गरेर पक्की बनाइएको छ । उकालो बाटोमा व्यवस्थित पदमार्ग नहुँदा चिप्लिएर लड्ने र दुर्घटनाको जोखिम थियो । पहाडको बीच भागमा रहेको थुम्कामा झरना अवलोकनस्थल बनाउन अन्नपूर्ण गाउँपालिकाले चालु आवमा विनियोजन गरेको रु २० लाख बजेट कार्यान्वयनमा समस्या भएको छ । इन्धन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धिका कारण योजना कार्यान्वयन गर्न नसकिएको वडाध्यक्ष फगामीले बताउनुभयो। झरनाले नारच्याङमा पर्यटकको चहलपहल बढाएको छ। छ-सात वर्षअघिसम्म ओझेलमा रहेको यो झरना सुनसान थियो । हाल दैनिक एक सय जना स्वदेशी तथा विदेशी पर्यटक झरना अवलोकन गर्न आउने स्थानीय टकबहादुर पुनले बताउनुभयो ।

अन्य समयको तुलनामा बिदाको दिन पर्यटक बढी आउने गर्छन् । परिवार, सहकारी, विद्यालय, कलेज र विभिन्न सङ्घसंस्थाबाट सामूहिक भ्रमणमा आउने गरेका हुन् । नारच्याङ झरना सुन्दर, आकर्षक र मनमोहक रहेको अवलोकनका लागि जानुभएका पोखराकी रसिला पराजुलीले बताउनुभयो ।

यो झरनाको उचाइ तीन सय मिटरभन्दा बढी छ । यहाँ इन्द्रेणीको पनि दृश्य देख्न सकिन्छ । पर्यटकले झरनासँगै तस्बिर, भिडियो खिच्ने, टिकटक बनाएर सामाजिक सञ्जालमा राख्ने भएकाले प्रचारप्रसारमा सहयोग पुगेको छ। समुदायले नारच्याङ गाउँदेखि झरनासम्म पुग्ने कच्ची पदमार्ग, दृश्यावलोकनस्थल र घेराबार निर्माण गरेका छन् । झरनाको नजिकै रहेको भूमे देवताको थान नारच्याङवासीको धार्मिकस्थल हो । सो ठाउँबाट कालीगण्डकी किनारको समथर भूगोल, नारच्याङ, दाना र तातोपानीको बस्ती देखिन्छ । बेनी-जोमसोम सडकको नागढुङ्गादेखि पाँच मिनेट सवारीसाधन र ३० मिनेट पैदल हिँडेर झरनामा पुग्न सकिन्छ । झरना अवलोकनका लागि आउने पर्यटकको सुविधाका लागि नारच्याङका सातवटा घरमा घरबास होमस्टे सञ्चालन भएको छ ।

# कालीगण्डकी करिडोर: बिस्फोटक पदार्थको प्रयोग गरी सडक विस्तार सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ जेठ

चीन र भारत जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको महभिर र भिरकाटेमा बिस्फोटक पदार्थको सहायतामा पहाड काटेर सडक फराकिलो पार्न थालिएको छ ।

बेनी जोमसोम कोरला सडक आयोजना कार्यालयले अन्नपूर्ण गाउँपालिका-६ भिरकाटे र वडा नं ७ मा पर्ने महभिरको पहाडमा सडक फराकिलो पार्न रु सात करोड बढी लागतको आयोजना सुरु



गरेको हो । आयोजना प्रमुख तेजस्वी शर्माले ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले पहाडमा बिस्फोटक पदार्थको प्रयोग गरी सडक फराकिलो पार्न 'ड्रिलिङ' गर्न थालेको जानकारी दिनुभयो ।"डिलतर्फ कालीगण्डकी नदी र कुनामा अग्लो कडा चट्टानी पहाड भएको महभिर र भिरकाटे क्षेत्रमा सडक फराकिलो पार्न बिस्फोटक पदार्थको सहायता लिनुपरेको हो", उहाँले भन्नुभयो, "हाल एकतर्फी रूपमा सञ्चालनमा रहेको यस क्षेत्रको सडकलाई दुई लेनको ११ मिटर फराकिलो बनाउने र ढलान गर्ने लक्ष्य छ ।"

आगामी असोजसम्म सम्पन्न गर्ने लक्ष्यसहित रु सात करोड सात लाख ७४ हजारमा कालीमाता-थापाकाजी-रसुवा जेभीसँग ठेक्का सम्झौता भएको आयोजना प्रमुख शर्माले जानकारीदिनुभयो।"विसं२०६४ मा नेपाली सेनाले मार्ग खोलेको महभिर र भिरकाटे खण्डको करिब ७०० दूरीको करिब पाँचदेखि छ मिटर फराकिलो सडकमा दुईतर्फी सवारीसाधन सञ्चालन हुन सक्दैनन् । मालवाहक र यात्रुवाहक सवार ीसाधन पार हुन आलोपालो गर्नुपर्ने अवस्था छ", उहाँले भन्नुभयो । सुरुङ मार्ग बनाउन करिब रु एक अर्ब लागत अनुमान गरिएको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारे पनि आर्थिक स्रोत अभावका कारण पहाड काटेर फराकिलो पार्ने विकल्प अपनाइएको प्रमुख शर्माले उल्लेख गर्नुभयो । "सम्भव भएको ठाउँमा कालीगण्डकी किनारमा पक्की पर्खाल बनाएर सडक फराकिलो पार्ने विकल्प अपनाइएको छ भने डिलतर्फ विस्तार गर्ने सम्भव नभएको ठाउँमा भित्ताको पहाड फुटाउन लागिएको हो", उहाँले भन्नुभयो । चीनको सिमानामा रहेको कोरलानाका जोड्ने २०२ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरलासडककोम्याग्दी खण्डका विभिन्न ठाउँमा पहिरो रोकथामको काम पनि भइरहेको बेनी जोमसोम कोरला सडक आयोजना कार्यालयले जनाएको छ । कार्यालयका अनुसार चमेरे, बैसरी, सिरुवारी, गुइँठेभिर, खामभित्ता, लाटाखोला, रुप्से र घोप्टेभिर क्षेत्रमा रु २६ करोडको लागतमा पहिरो रोकथामको काम भइरहेको हो ।

# एन्फामाथिको निलम्बन बिनाशर्त फुकुवा

**रासस**
पोखरा, १ जेठ

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अखिल नेपाल फुटबल सङ्घ (एन्फा)माथिको प्रतिबन्ध शुक्रबार फुकुवा गरेको छ । एन्फाका प्रवक्ता सुरेश साहले राखेपको निलम्बन बिनाशर्त फुकुवा गरेको जानकारी दिनुभयो । उहाँले शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल, राखेपका सदस्यसचिव रामचरित्र मेहता, मन्त्रीका प्रमुख खेलकुद सल्लाहकार सिद्धि व्यञ्जनकार, एन्फा महासचिव किरण राईलगायतले आज छलफल गरेपछि राखेपले निशर्त निलम्बन फुकुवा गर्ने निर्णय गरेको जानकारी दिनुभयो ।

पङ्कजविक्रम नेम्वाङ नेतृत्वको एन्फालाई यसअघि राखेपले तीन महिनाका लागि निलम्बन गरेको थियो । तहगत निर्वाचनसहित विधान संशोधन गर्न दिएको निर्देशनलाई एन्फाले अवज्ञा गरेको भन्दै राखेपले गत चैत ११ गते निलम्बन गरेको थियो ।

त्यसअघि राखेपले पटकपटक निर्देशन गरे तापनि एन्फाले गत चैत १३ गते निर्वाचन गर्ने आडान लिएपछि राखेपले निलम्बन गर्ने निर्णय गरेको थियो ।

## सार्वजनिक सूचना

म्याग्दी जिल्ला भकिम्ली-२ बस्ने कोपिला श्रीसको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ७९१७ को क्षेत्रफल १२७.१८५ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि. नं. ७६८९ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३, अन्नपूर्ण सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः अन्नपूर्ण सडक स्तरोन्नति
ठेगानाः पोखरा-१३
योजना सम्पन्न हुने मितिः २०८२/११/३१ गते
योजनाको कुल लागतः रु. ११,११,१११।-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु. १,११,१११।-
उपभोक्ता समिति अध्यक्षः राजेन्द्र गुरुङ
सम्पर्क नं.ः ९७६६०५१५०७
उपभोक्ता समिति सदस्यः ५ जना महिलाः २ पुरुषः ३ जना

**अन्नपूर्ण टोल विकास संस्था सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-१३**

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# जलवायु परिवर्तनको प्रभावले यार्सागुम्बा उत्पादन घट्दै

**–नवीन लामिछाने**
मनाङ, १ जेठ

विगतमा हिमाली जिल्लाका बासिन्दाका लागि यार्सागुम्बा 'सुन फल्ने जडीबुटी' रुपमा लिइन्थ्यो । वैशाख-असार पहिलो सातासम्म हजारौँ मानिस उच्च हिमाली क्षेत्रमा पुग्ने र केही हप्ता खर्कमा पुगेर यार्सागुम्बा सङ्कलन गरी वर्षभरि घर खर्च चलाउने माध्यमको रुपमा पहिचान गरिएको थियो । तर, पछिल्ला वर्षका तथ्याङ्कले यार्सागुम्बाबाट हुने आम्दानी लगातार घट्दो क्रममा हुँदा हजारौँ हिमाली नागरिकको आयआर्जन र जीविकोपार्जनमा प्रत्यक्ष असर पर्न थालेको छ ।



विकट क्षेत्र मनाङ औषधीय कच्चापदार्थको उत्पादनको केन्द्र हो । औषधीय जडिबुटी उत्पादनमा आत्मनिर्भर मानिन्छ । आम्दानीको प्रमुख स्रोतको रुपमा रहेको औषधीय जडिबुटी केही वर्षयता घट्दो क्रममा छ । मुख्य आयस्रोतमा प्रभाव पर्दा यहाँका स्थानीयमा चिन्तामा छन् । पहिले प्रशस्त पाइने हिमाली क्षेत्रमा अहिले यार्सागुम्बा दुर्लभ बन्दै गएको स्थानीयवासी बताउँछन् । तापक्रम बढ्दै जाँदा हिमाली भूभागको चिसोपन घटेको छ, जसले यार्सागुम्बाको वृद्धि र विकासमा प्रत्यक्ष असर पुऱ्याएको छ । करिब पाँच वर्षको तथ्याङ्कका आधारमा वार्षिक रुपमा यार्सागुम्बा उत्पादन तथा सङ्कलन कार्य घटेको पाइएको अन्नपूर्ण संरक्षण क्षेत्र एकाई (एक्याप) कार्यालय मनाङले जनाएको छ । विगतको तुलनामा यार्सागुम्बाको उत्पादन घटेको एक्यापको तथ्याङ्कले प्रष्ट पारेको छ । एक्यापका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ४० दशमलव पाँच किलोग्राम सङ्कलन गरिएको छ भने यार्सागुम्बा बिक्रीबाट रु.१२ लाख १५ हजार राजश्व सङ्कलन भएको छ । यार्सा सङ्कलनकले मूल्य अभिवृद्धि कर (भ्याट) रु.एक लाख ५७ हजार ९५० तिरेका छन् । पालिकालाई १० प्रतिशतका दरले रु.छ लाख सात हजार ५०० पालिकालाई दस्तुर बुझाउनुपर्ने प्रावधान छ भने १० प्रतिशतकै दरले रु.चार लाख पाँच हजार संरक्षण क्षेत्र व्यवस्थापन समिति (सिएएमए) लाई दस्तुर बुझाउने गरिएको छ । आव २०७८/७९ मा १०७ दशमलव ०५२ किलो बिक्री गरी रु.३२ लाख ६१ हजार ८४० राजश्व सङ्कलन भएको छ । यस आवमा मात्रै रु.तीन लाख ६७ हजार ६६१ भ्याट तिरेको छ । पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.१० लाख ७० हजार ५२० दस्तुर बुझाएको छ । आव २०७९/८० मा ८२ दशमलव दुई किलोग्राम यार्सागुम्बा बिक्री गर्दा रु.२५ लाख ४८ हजार २०० राजश्व सङ्कलन भएको एक्यापले जनाएको छ । एक्यापका अनुसार पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई यार्सा सङ्कलनवापत रु.आठ लाख ३४ हजार ५०० दस्तुर बुझाइएको छ । यस आवबाट दोहोरो भ्याट तिर्नुपर्ने बाध्यतालाई ध्यान दिदै भ्याट बुझाउनुपर्ने प्रावधान हटाइएको एक्यापका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । आव २०८०/८१ मा ७२ दशमलव ५४२ किलोग्राम यार्सागुम्बा बिक्रीबाट रु.२२ लाख ४८ हजार ९०२ आम्दानी भएको छ । पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.सात लाख २५ हजार ४५० दस्तुरवापतको रकम बुझाइएको छ । आव २०८१/८२ मा ५१ दशमलव ८६३ किलोग्राम यार्सा बिक्रीबाट रु.१५ लाख ९८ हजार ३६० आम्दानी भएको छ । पालिकालाई रु.पाँच लाख २४ हजार ९०० र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.पाँच लाख १९ हजार ९०० दस्तुर तिरेको छ । आव २०८२/८३ फागुनसम्ममा ४७ दशमलव आठ किलो यार्सा बिक्रीबाट रु.१४ लाख ८१ हजार ८०० राजश्व सङ्कलन भएको छ । पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई रु.चार लाख ७८ हजार दस्तुर बुझाएको छ । आव २०७७/७८ देखि २०८२/०८३ (फागुनसम्म) को तथ्याङ्क अनुसार यार्सागुम्बा संकलन र बिक्रीबाट प्राप्त राजस्वमा उल्लेखनीय गिरावट आएको छ । आव २०७८/७९ मा सबैभन्दा धेरै १०७.०५२ किलो यार्सागुम्बा सङ्कलन हुँदा रु.३२ लाख ६१ हजार ८४० राजस्व संकलन भएको थियो । तर, त्यसपछि प्रत्येक वर्ष यार्सा सङ्कलन मात्रा र आम्दानी दुवै घट्दै गएको देखिन्छ । आव २०८२/०८३ को फागुनसम्म आइपुग्दा सङ्कलनको मात्रा ४७ दशमलव आठ किलोमा झरेको छ भने राजस्व रु.१४ लाख ८१ हजार ८०० सीमित भएको छ । तथ्याङ्कका अनुसार पाँच वर्षमा कुल ४०१.९५७ किलो यार्सागुम्बाबाट रु.एक करोड २३ लाख ५४ हजार १०२ राजस्व सङ्कलन भएको छ ।

राजस्वमा गिरावट

यार्सागुम्बाबाट स्थानीय तह र संरक्षण क्षेत्रले दस्तुरमार्फत राजश्व उठाउने गरेका छन् । पाँच वर्षको तथ्याङ्कअनुसार रोयल्टी र दस्तुरबाट प्राप्त रकम पनि घट्दो क्रममा छ ।

आव २०७८/७९ मा मात्रै ग्रामीण पालिका तथा संरक्षण व्यवस्थापन समितिले १०-१० लाख रुपैयाँभन्दा बढी दस्तुर सङ्कलन गरेका छन् । तर, अहिले त्यो रकम आधाभन्दा कम भएको छ । यसले स्थानीय सरकारको विकास बजेटमा समेत असर पारेको छ । हिमाली क्षेत्रका धेरै पालिकाले सडक, शिक्षा र स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न यार्सागुम्बा राजश्वमा निर्भर छ ।

यार्सागुम्बाबाट जीविकोपार्जन

हिमाली क्षेत्रका स्थानीयले यार्सागुम्बा सङ्कलनलाई मौसमी आयको रुपमा लिन्छन् । यहाँको प्रमुख मौसमी आम्दानीको स्रोत यार्सागुम्बा हो । यहाँका स्थानीयवासीले यार्सागुम्बा सङ्कलन र बिक्री जीविकोपार्जनको स्रोतको रुपमा उपयोग गर्दै आएका छन् । विशेष गरी मनाङलगायत डोल्पा, मुगु, मुस्ताङ, रुकुम पूर्व, गोर्खा र म्याग्दीका उच्च भेगका परिवारले यार्सागुम्बा बिक्री गरी जीविकोपार्जनका लागि आयस्रोतको रुपमा प्रयोग गर्दछन् ।

यस क्षेत्रका मानिसले शिक्षा, स्वास्थ्य र दैनिकी चलाउन यसबाट आएको आम्दानीबाट खर्च चलाउँदै आएका छन् । तर, उत्पादन घटेसँगै स्थानीयको आर्थिक अवस्था प्रभावित हुन थालेको छ । पहिले एक सिजनमा लाखौँ आम्दानी गर्ने परिवार अहिले ऋण लिएर दैनिक खर्च धान्न बाध्य भएको स्थानीय जनप्रतिनिधिको भनाइ छ । यार्सागुम्बा संरक्षणका लागि वातावरण संरक्षण, दिगो संकलन प्रणाली र जलवायु परिवर्तन न्यूनीकरणका उपाय तत्काल लागू गर्न आवश्यक छ । प्राकृतिक सम्पदाको संरक्षण भए मात्र हिमाली जनजीवन र अर्थतन्त्र सुरक्षित रहन सक्छ ।

जलवायु परिवर्तनको असर

असामान्य तापक्रम वृद्धि, हिमपातमा कमी, वर्षाको अनियमितता तथा वातावरणीय सन्तुलन बिग्रिनुले यार्सागुम्बा उम्रिने प्राकृतिक चक्र प्रभावित भएको हो । स्थानीय यार्सा सङ्कलकका अनुसार हिमाली क्षेत्रमा हिउँ कम पर्नु, तापक्रम बढ्नु र चरन क्षेत्र सुक्दै जाँदा यार्सागुम्बा उत्पादनमा असर परेको छ । पहिला केही घण्टामै दर्जनौँ यार्सा भेटिन्थ्यो भने अहिले दिनभर खोज्दा पनि मुस्किलले तीन/चार वटा मात्रै भेटिने गरेको स्थानीय राज गुरुङ बताउनुहुन्छ ।

"पहिला जस्तो यार्सा खोज्न सजिलो छैन । पहिला प्रसस्त भेटिन्थे । अहिले घण्टौँ पछि १/२ वटा मात्रै पाइन्छ", उहाँ भन्नुहुन्छ, "हिउँ नै पर्दैन अनि पानीको कमीले होला नि यस्तो भएको । अर्को वर्ष बढ्ला भन्यो झन् कम पो भेटिन्छ ।" यार्सागुम्बा उत्पादन घट्नुका कारण विज्ञहरूले जलवायु परिवर्तनलाई मुख्य कारण मानिरहेका छन् । यार्सागुम्बा चिसो र आद्र वातावरणमा उम्रने भएकाले तापक्रम वृद्धिले यसको प्राकृतिक चक्र प्रभावित भएको एक्यापका प्रमुख भुजेलले बताउनुभयो ।

संरक्षणमा चुनौती

विशेषज्ञका अनुसार अनियन्त्रित सङ्कलन, अत्यधिक भीड र चरिचरन व्यवस्थापनको अभावले पनि यार्सागुम्बा सङ्कटमा परेका छन् । सङ्कलन क्षेत्र व्यवस्थापन, निश्चित कोटा प्रणाली र वातावरण संरक्षणका कार्यक्रम प्रभावकारी रूपमा लागू नगरे भविष्यमा यार्सागुम्बा दुर्लभ हुनसक्ने चेतावनी दिइसकेका छन् । यस क्षेत्रमा भिरमा गएर यार्सागुम्बा सङ्कलन गर्न सङ्कलनकर्ता भेटिन मुस्किल भएको स्थानीय बताउँछन् ।

मनाङमा यार्सागुम्बा सङ्कलनका लागि स्थानीयका कमी भएसँगै डोल्पा, गोर्खा, धादिङलगायतका क्षेत्रबाट सङ्कलनकर्ता आउने गरेका छन् भने हाल कम हुँदै गएको स्थानीयको भनाइ छ । हिमाली भेगका बासिन्दाका लागि यार्सागुम्बा केबल जडीबुटी होइन, जीवन धान्ने आधार हो । तर, घट्दो उत्पादन र आम्दानीले अब यसको आधार कमजोर बन्दै गएको देखिन्छ । यार्सागुम्बा उत्पादन घट्दा हिमाली समुदायको आर्थिक अवस्था कमजोर बन्दै गएको छ । धेरै परिवारको मुख्य आम्दानीको स्रोत नै प्रभावित भएकाले वैकल्पिक रोजगारीको आवश्यकता बढेको छ ।

# पृथ्वीराजमार्गका ऐतिहासिक सम्पदाको पुनर्निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, १ जेठ

पृथ्वीराजमार्ग सडक विस्तारसँगै तनहुँ खण्डमा पर्ने राजमार्गकिनारक्षेत्रकाऐतिहासिक सम्पदाहरूको पुनर्निर्माण भइरहेको छ ।

सडक विस्तार सम्पन्न भएसँगै आयोजनाले अहिले सडक सीमाभित्र परेका ऐतिहासिक सम्पदा, मठमन्दिर र पाटीपौवाहरूको पुनर्निर्माणलाई तीव्रता दिइएको हो ।

पृथ्वीराजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक विस्तारको पूर्वी खण्ड (आँबुखैरेनी-जामुने) को सडक निर्माण सकिएसँगै सम्पदा निर्माणमा तीव्रता दिइएको पूर्वी खण्डका सूचना अधिकारी इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । एसियाली विकास बैंक (एडिबी) को करिब छ अर्ब ३१ करोड रुपैयाँ लागतमा स्तरोन्नति भएको ४१ किलोमिटर सडकखण्डको निर्माण पूरा भइसकेको छ ।

"सडक विस्तारका क्रममा विस्थापित भएका धार्मिक तथा सांस्कृतिक संरचनाको मौलिकता जोगाउन आयोजनाले करिब दुई करोड रुपैयाँ विनियोजन गरेको थियो । विनियोजित बजेटबाट अधिकांश मठमन्दिर र पाटीपौवाको पुनर्निर्माण धमाधम भइरहेको छ", उहाँले भन्नुभयो, "व्यास नगरपालिका-१२ घाँसीकुवामा रहेको ऐतिहासिक भानु-घाँसी पार्क र कुवाको पुनर्निर्माणका लागि समेत विशेष तयारी भइरहेको छ ।" भानु-घाँसी पार्क संरक्षण समितिले तयार पारेको तीन करोड रुपैयाँको बृहत् गुरुयोजनाअनुसार पार्क निर्माणको प्रक्रिया अघि बढाइएको छ । नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्य र घाँसीको ऐतिहासिक प्रसङ्ग जोडिएको यस स्थललाई पर्यटकीय र सांस्कृतिक गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ ।

सडक कालोपत्र, लेन मार्किङ र अन्य प्राविधिक काम सकिएसँगै अब सडक किनारका संरचना र सांस्कृतिक सम्पदालाई व्यवस्थित बनाउने काम भइरहेको हो । आयोजनाले भौतिक विकाससँगै ऐतिहासिक सम्पदाको संरक्षणलाई स्थानीय समितिको सहकार्यमा निर्माणकार्य धमाधम भइरहेको छ । विसं २०७७ माघमा ठेक्का सम्झौता भएर सुरु भएको यो आयोजना नेपालको लाइफ लाइन मानिने राजमार्गको नमूना विस्तारका रूपमा हेरिएको छ ।

# पशुपालनमा रमाइरहेका सापकोटा

**पोखरापत्र संवाददाता**
बागलुङ, १ जेठ



कोरोना महामारीका कारण १२ वर्षसम्म यहाँको बागलुङ बजारमा मिष्टान्न र होटल सञ्चालन गर्दै आउनुभएको बलराम सापकोटाले व्यवसाय बन्द गर्नुपऱ्यो ।

यद्यपि, उहाँले कोरोना महामारीको खराब परिस्थितिलाई अवसरमा बदल्दै गाउँमै कृषि तथा पशुपालन व्यवसाय सुरु गर्नुभयो । त्यस बेलादेखि उहाँ निरन्तर यसैमा रमाइरहनुभएको छ । कोरोना महामारीका बेला बजारको व्यवसाय बन्द भएपछि गाउँ गएर पशुपालन र फलफूल खेती गर्न थालेको र हाल त्यसबाट राम्रो आम्दानीकमा साथै सन्तुष्ि पनि मिलिरहेको सापकोटाले बताउनुभयो । हाल आफूले मासिक रु दुई लाख बचत गर्दै आएको सुनाउनुभयो ।

सापकोटाले विसं २०७६ देखि व्यावसायिक कृषि र पशुपालनमा लगानी सुरु गर्नुभएको थियो । उहाँले पशुपालन र सुन्तला खेतीमा गरी करिब रु एक करोड लगानी गरेको सुनाउनुभयो । "उत्पादनमा नजोडिएसम्म हुँदैन भन्ने कुरा कोरोनाले सिकायो, पाँच वटा ट्याक्सी थिए सबै छोडेर गाउँ फर्केर ३६ रोपनी जग्गालाई हराभरा बनाउन थाले", सापकोटाले भन्नुभयो, "यहीबीचमा बागलुङ नगरपालिका-५ मालिकाको वडा सदस्य भएर जनताको सेवासँगै कृषि र पशुपालन गरेर अरूलाई पनि प्रेरणा दिन खोजिरहेको छु ।" हाल सापकोटाले ११ वटा गाई र १३ वटा भैँसी पालिरहनुभएको छ ।

दैनिक करिब एक सय ५० लिटर दूध उत्पादन भइरहेको र उक्त दूध बागलुङ दुग्ध उत्पादन संस्थामार्फत बिक्री हुँदै आएको उहाँले बताउनुभयो । "पशुपालनसँगै पशुवस्तु खरिद-बिक्रीको काम पनि गर्दै आएको छु । मासिक चार लाख ५० हजारको दूध बिक्री हुने गरेको छ भने दाना र कर्मचारीलगायतको खर्च कटाएर दुई लाख बचत हुन्छ । बचत रकमले फलफूल बगैँचा विस्तार गरिरहेको छु", सापकोटाले भन्नुभयो ।

सापकोटाले आफ्नो २७ रोपनी र भाडाको नौ रोपनी जग्गामा एक हजार सुन्तलाका बिरुवा, एक सय १० वटा कागती र ५० वटा ओखरका बिरुवा लगाउनुभएको छ । सुन्तलाबाट अझै आम्दानी सुरु नभए पनि आगामी वर्षदेखि राम्रो उत्पादन हुने उहाँले बताउनुभयो ।

मल्चिङ प्रविधिबाट उहाँले सुन्तला खेती गर्नुभएको छ । धनकुटे जातको सुन्तला लगाएर झार नियन्त्रण, चिस्यान संरक्षण र माटोमा पोषण कायम राख्ने काम गरिएको सापकोटाले बताउनुभयो । कृषिका लागि आवश्यक पानी व्यवस्थापन गर्न गहुँत तथा पानी लिफ्टिङ गरेर करिब दुई सय मिटर माथिसम्म पुऱ्याएको उहाँले जानकारी दिनुभयो । हाल सापकोटाको कृषि तथा पशुपालन फार्ममा चार जनाले रोजगारी पाएका छन् । उहाँले सुन्तला पकेट क्षेत्र बनाउने लक्ष्यसहित काम गरिरहेको जानकारी दिनुभयो । "कोरोनाले एउटा व्यवसाय बन्द गर्नुपऱ्यो, तर त्यसले अर्को अवसरको ढोका खोल्यो । त्यसैले केही समस्या भएका आत्तिनु हुँदैन । गाउँमा बसेर मेहनत गरे राम्रो आम्दानी गर्न सकिन्छ । यही उदाहरण दिन पनि मैले काम गरिरहेको छु", उहाँले भन्नुभयो ।


## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८२।१२।३०

कास्की जिल्ला साविक आर्वाविजय ६ हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १३ वस्ने धनश्यामको छोरी हिरा सुनारको श्रीमती रानुका सुनारले आफ्नो आमा सुमित्रा कमीनीको मिति २०५२/०१/ २३ मा मृत्यु भएको र बुबा सुकराम सुनारको पनि मिति २००१/०२/१० मा आफ्नै कालगतिले मृत्यु भएको र मृतक दम्पती बाट एकमात्र सन्तान रुपमा आफ्नो मात्र जायजन्म भएको हुँदा मृतकको सबैभन्दा नजिकको हकदार आफु रहेको आर्वाविजय ६ का कित्ता नं. २१ र २३ का जग्गा नामसारी गरिपाउँ भनि रानुका सुनारले माग निवेदन पेश गर्नुभएको हुँदा मृतक सुमित्रा कमिनिका नाउँमा दर्ता श्रेस्ता पुर्जा कायम रहेका कास्की जिल्ला आर्वाविजय ६ मा रहेका तपशिल बमोजिमका कित्ता जग्गाहरु आफ्नो नाउँमा एकलौटी नामसारी गरी पाउँ भनी माग निवेदन गर्नुभएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । मृतकको सबैभन्दा नजिकको हकदार रानुका सुनार हो होईन ? मृतक दम्पतीको निज निवेदक बाहेक अन्य कोही नजिकका हकदार वा माग बमोजिम नामसारी गरिदिन नहुने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित आफु वा ऐनले दिन मिल्ने वारेस पठाई लिखित उजुर गर्नुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

**तपशिल:-**

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं | क्षेत्रफल | विरह | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| कास्की | आर्वाविजय | ६ | २१ | १-०-२-२ | पाखो | दोयम | |
| कास्की | आर्वाविजय | ६ | २३ | ०-३-३-२ | पाखो | दोयम | |

ईति संवत २०८२ साल चैत्र ३० गते रोज २ शुभम् ।


# मर्दी पदयात्राका क्रममा एक पर्यटक बेपत्ता

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

कास्की जिल्लामा अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने मर्दी हिमाल पदयात्राका क्रममा एक जना स्वदेशी पर्यटक बेपत्ता भएका छन् ।

काठमाडौँको सङ्घाराम बुद्धविहारका भिक्षु धामिसरो मर्दी पदयात्राका क्रममा यही वैशाख ३० गते दिउँसो २:०० बजेदेखि सम्पर्कविहीन भएको माछापुच्छ्रे-९ का वडाध्यक्ष हरिबहादुर क्षेत्री (राजेन्द्र)ले जानकारी दिनुभयो । समुद्री सतहबाट चार हजार २०० मिटर उचाइमा अवस्थित मर्दीको भ्यूप्वाइन्टस्थित 'टीसप'मा आफ्नो झोला राखेर 'केहीबेर वरिपरिको दृश्यावलोकनका लागि जान्छु भन्दै' निस्किनुभएका धामिसरो साँझसम्म नफर्किएपछि मर्दी हिमाल ट्रेक व्यवस्थापन समितिका अध्यक्ष राजकुमार तामाङको नेतृत्वमा स्थानीय पर्यटन व्यवसायीले बिहीबार विहानदेखि नै खोजी सुरु गरेका थिए । तर शुक्रबार साँझसम्म सम्पर्कविहीन पर्यटकको बारेमा कुनै जानकारी नपाइएको वडाध्यक्ष क्षेत्रीले बताउनुभयो ।

"पहिरनका आधारमा पोखरास्थित बुद्धविहारमा जानकारी गराएपछि हराएका व्यक्तिको परिचय खुलेको हो । स्थानीयले बिहीबार दिनभर खोजी गर्दासमेत फेला नपरेपछि प्रहरीमा जानकारी गराएका थियौँ । अहिले प्रहरी हराएको ठाउँमा जाँदैछ", वडाध्यक्ष क्षेत्रीले भन्नुभयो । मर्दीको आधार शिविर र भ्यूप्वाइन्ट क्षेत्रमा केही दिनदेखि पानी परेको र बाक्लो हिमपातका कारणले समेत खोजीमा कठिनाइ भएको बताइन्छ । पर्यटक हराएको सूचनापछि प्रहरी खोजीका लागि गएको छ । खोजीमा गएको प्रहरी टोली शुक्रबार साँझ लोक्याम्प पुगेको मर्दी ट्रेक व्यवस्थापन समितिका अध्यक्ष तामाङले बताउनुभयो । मर्दी पदयात्राका क्रममा यसअघि पनि पर्यटक हराउने गरेका थिए । एकल पदयात्रामा जानेहरू बढी हराउने गरेको पर्यटन व्यवसायी बताउँछन् । मर्दीको हाइक्याम्प, भ्यूप्वाइन्ट र आधा शिविरबाट बढी पर्यटक हराउने गरेका छन् ।